# पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipality Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot
बागमती प्रदेश, नेपाल
Bagamti Province, Nepal

प.सं.:२०८१/०८२
सू.नं. : ३२

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम सम्बन्धी सूचना !!!**
**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१८)**

बागमती प्रदेश सरकारको आ.व.२०८१/०८२ को **CBR** सहयोग कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि शिक्षा, स्वास्थ्य, तालिम, सीप तथा नेतृत्व विकास, लघु कर्जा, सहायक सामाग्री आदि उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। यस पालिकामा स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक विकास मन्त्रालयको **"स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा CBR कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** मा उल्लेख गरिएका शर्तहरु पूरा गर्ने गरी तपशिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका संघ संस्थाहरुले आवश्यक कागजात सहित मिति २०८१/०९/०२ गते भित्र यस गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

**१. कार्यक्रम सञ्चालन गर्न ईच्छुक संघ संस्थाहरुको योग्यता:**

- सम्बन्धित क्षेत्रमा काम गर्ने उद्देश्य स्पष्ट उल्लेख भएको संस्था दर्ता र नवीकरण भएको हुनुपर्नेछ साथै अनुदान प्राप्त गर्ने आ.व.भन्दा कम्तीमा अघिल्लो आ.व.मा दर्ता भएको हुनुपर्नेछ।

**२. आवश्यक कागजातहरु:**

- संस्था दर्ता तथा नवीकरण गरिएको प्रमाण-पत्रको प्रतिलिपि,
- कर दर्ता तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
- निकासा माग गर्ने संघ संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपिका साथै पदाधिकारीहरुको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र अटो साईजको फोटो १/१ प्रति सहितको विवरण,
- कार्यक्रमको इकाईगत लागत प्रष्ट खुलेको कार्यक्रम प्रस्ताव,
- गत आ.व.मा अनुदान प्राप्त भएको अवस्थामा सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन र वेरुजुको स्थितिको उल्लेख भएको कागजात,
- संस्थाको गत आ.व.सम्मको कुल आय व्यय र यस आ.व. मा प्राप्त गर्ने श्रोत सुनिश्चित भएको रकम उल्लेख भएको कागजात,
- स्थायी लेखा नम्बर,
- कार्यक्रम गर्न इच्छुक संघ संस्था यस पञ्चकन्या गाउँपालिकामा सूचिकृत भएको हुनुपर्नेछ।

(कृष्णहरि पौडेल)
प्रमुख प्रशासकीय अधिकृत